# नेपाल सरकार
# शिक्षक सेवा आयोग
## सानोठिमी, भक्तपुर

Website: www.tsc.gov.np

पत्र सङ्ख्या : ०८२/०८३
चलानी नं. :

मिति : २०८२।१२।२४
नेपाल संवत् ११४६

विषयः जानकारी सम्बन्धमा ।

जो जससँग सम्बन्धित छ ।

शिक्षा ऐन, २०२८ को दफा ११ड. मा यो ऐन प्रारम्भ भएपछि आयोगबाट अध्यापन अनुमतिपत्र नलिई कसैले पनि शिक्षक पदमा उम्मेद्वार हुन पाउने छैन भन्ने प्रावधान रहेको छ । शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ९ को उपनियम (१) को खण्ड (ख) मा निम्नमाध्यमिक विद्यालयको शिक्षकको लागि लिइने विज्ञापनमा सम्बन्धित विषयमा प्रवीणता प्रमाणपत्र तह वा सोसरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालिम लिएको व्यक्तिमात्र उम्मेद्वार बन्न सक्ने प्रावधान रहेको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले माध्यमिक (कक्षा ९-१२) शिक्षा एकलपथीय हुने व्यवस्था गरेको परिप्रेक्ष्यमा, कक्षा ११-१२ मा साबिकको जस्तो कुनै Stream तोकिने अवस्था नरहेकाले कुन कुन विषयलाई शिक्षा विषय मान्ने अर्थात् कुन कुन विषय अध्ययन गरेकोलाई तालिम प्राप्त गरेको मान्ने भन्ने विषयमा द्विविधा भएको भनी कक्षा १२ उत्तीर्ण गरेका निम्नमाध्यमिक तह अध्यापन अनुमतिपत्र तथा निम्नमाध्यमिक विद्यालयको शिक्षकको लागि हुने/गरिने विज्ञापनबमोजिम उम्मेद्वार हुन चाहनेहरूबाट सोधनी भएको सन्दर्भमा पाठ्यक्रम विकास केन्द्रको मिति २०८२।१२।१५ को प्राप्त पत्रको आधारमा कक्षा ११ र १२ मा देहायअनुसारका विषय अध्ययन गरेकालाई तालिम प्राप्त मान्ने भनी आयोगबाट मिति २०८२।१२।१९ मा निर्णय भएको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल</u>

१. कक्षा ११ मा **बाल विकास र सिकाइ** (Child Development and Leaning)
२. कक्षा १२ मा **शैक्षणिक विधि र मूल्याङ्कन** (Instructional Pedagogy and Evaluation)
३. कक्षा ११ र १२ मा **मनोविज्ञान** (Psychology)
४. कक्षा ११ र १२ मा **शिक्षा र विकास** (Education and Development)

पुनश्चः उल्लिखित विषयमा कक्षा ११ अथवा कक्षा १२ अथवा कक्षा ११ र १२ मा २०० पूर्णाङ्क वा ८ क्रेडिट आवर अध्ययन गरेको भए तालिम प्राप्त मान्न सकिने ।

..................
भागवत प्रसाद रिजाल
शाखा अधिकृत